# पाणिनि र चम्स्कीका कारकीय मान्यताको तुलना

**डा. प्रेमप्रसाद चौलागाईं (उपप्राध्यापक, नेपाली विभाग), त्रिचन्द्र बहुमुखी क्याम्पस**

Email : chaulagainprem999@gmail.com

**लेखसार**

प्रस्तुत लेख वैयाकरण पाणिनि (इ.पू.पाँचौं शताब्दी) र आधुनिक भाषावैज्ञानिक अभ्राम नोम चम्की (जन्म, सन् १९२८) द्वारा प्रस्तुत कारकसम्बन्धी मान्यताको तुलनात्मक अध्ययनमा केन्द्रित छ । यसैले यस लेखमा पाणिनि र चम्स्कीद्वारा प्रस्तुत कारकीय मान्यताको वैशिष्ट्य प्रस्तुत गर्नुका साथै तिनको तुलना गरी प्राप्त भएको निचोड प्रस्तुत गरिएको छ । विश्लेषणात्मक र तुलनात्मक विधिको उपयोग गरी पाणिनि र चम्स्कीका कारकीय मान्यताको तुलना गर्दा प्राप्त भएको निष्कर्ष के हो भने पाणिनि र चम्स्की दुवैले क्रियासित प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धित भएर प्रयोग हुने नामिक पदले पाउने प्रकार्यात्मक भूमिकालाई कारक मानेका छन् । क्रियाका आधारमा आन्तरिक तहमा कारकको निर्धारण हुन्छ भन्ने कुरो पाणिनि र चम्स्की दुवैले स्विकारेको देखिन्छ तर बाह्य संरचनामा कारकको उपस्थिति कसरी हुन्छ भन्ने विषयमा चाहिँ यी दुईबिच केही फरक मत छ । पाणिनिले नामिक पदमा कारकीय भूमिका समायोजनका लागि क्रियाको अर्थलाई समेट्दै बाह्य तहमा संरचनागत सम्बन्ध (विभक्तिसंयोजन)लाई मुख्य आधार बनाएका छन् । यस आधारमा उनले कर्ता, कर्म, करण, सम्प्रदान, अपादान र अधिकरण गरी छओटा कारक स्वीकार गरेका छन् । पाणिनिका अनुसार कर्ता, कर्म र सम्प्रदान (गौण कर्म) बाहेकका अन्य कारकले क्रियाविशेषणको प्रकार्य गर्दछन् । उनले क्रियासँग प्रत्यक्ष रूपमा सम्बन्धित नहुने भएकाले षष्ठी विभक्ति लागेका नामिक पदमा कारक समायोजन नहुने र यस्ता पदहरू सम्बन्धबोधक विशेषणका रूपमा रहने निष्कर्ष प्रस्तुत गरेका छन् । चम्स्कीले चाहिँ आन्तरिक संरचनाका तहमा नामिक पदमा कारक समायोजन अभिलक्षण रहने र बाह्य संरचनामा प्रयुक्त भएपछि मात्र तिनले अधिशासन सम्बन्ध (संरचनात्मक सम्बन्ध) का आधारमा कारकीय भूमिका प्राप्त गर्ने बताएका छन् । चम्स्कीका अनुसार संरचनात्मक सम्बन्धका आधारमा कर्ता, कर्म, तिर्यक् र सम्बन्ध गरी चारओटा कारक छन् । चम्स्कीले पाणिनिले उल्लेख गरेका करण, सम्प्रदान, अपादान र अधिकरणलाई तिर्यक् कारकअन्तर्गत समावेश गरेका छन् र क्रियासँग प्रत्यक्ष रूपमा सम्बन्धित नभएका सम्बन्धबोधक नामिक पदमा पनि कारक समायोजन हुने बताएका छन् । यसरी चम्स्कीले सम्बन्धबोधक पदलाई नामिक पदका रूपमा स्विकारेर त्यसमा कारक समायोजन हुने बताए पनि अन्य कारकको समायोजन प्रक्रिया र तिनले सङ्केत गर्ने व्याकरणिक प्रकार्यसम्बन्धी मान्यता भने पाणिनिसँग समान छ । यसरी उपर्युक्त तथ्य र चम्स्की स्वयम्ले पाणिनिको व्याकरण पढिसकेपछि कारक सिद्धान्त प्रस्तुत गरेकाले उनको कारकसम्बन्धी मान्यतामा पाणिनिको प्रभाव परेको छ भन्ने निष्कर्ष प्रस्तुत अध्ययनबाट प्राप्त भएको छ ।

*शब्दकुञ्जी* : अधिशासन, कारक सङ्केतन, कारक परीक्षण, कारक परिष्करण, विभक्ति

Article's information : Manuscript received : 2024/09/27, Date of review : 2025/02/13, Date of manuscript acceptance 2025/05/05 Publisher : Department of Nepali, Mahandra Moranga Adrsh Multiple Campus, Biratnagar
DOI : https://doi.org/10.3126/vaikharivani.v2i2.79242
Homepage : https://www.nepjol.info/index.php/vaikharivani/index Copy right (c) 2025 @ Vaikharivani
This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयपरिचय

कृ+ण्वुल् (अक) प्रत्ययको संयोजन (*अष्टाध्यायी*, २०६०, सूत्र ३।१।१३३) बाट बनेको कारक शब्दले कार्यसम्पादन गर्ने भन्ने अर्थ बुझाउँछ । व्याकरणमा चाहिँ क्रियाका साथ प्रत्यक्ष सम्बन्ध राख्ने नामिक पद (नाम र सर्वनाम) ले प्राप्त गर्ने प्रकार्यात्मक भूमिका भन्ने बुझिन्छ । यो अर्थ पाणिनिले प्रस्तुत गरेका कारक अधिकार सूत्र (*अष्टाध्यायी*, २०६०, सूत्र १।४।२३) अन्तर्गत समावेश भएका कारकीय भूमिका प्रदान गर्ने सूत्रबाट स्पष्ट हुन्छ । अङ्ग्रेजीमा कारक (Case) लाई वाक्यमा क्रियापद र नामिक शब्दका बिचको वाक्यात्मक सम्बन्ध देखाउने व्याकरणिक कोटिका रूपमा प्रस्तुत गरिएको छ र यस्ता नामिक पदले निश्चित व्याकरणिक प्रकार्य सम्पन्न गर्ने उल्लेख गरिएको छ (क्रिस्टल, सन् २००३, पृ.६३) । यसर्थ वाक्यात्मक संरचनामा कार्यसम्पादन गर्न आउने नामिक पदले प्राप्त गर्ने प्रकार्यात्मक भूमिकालाई कारक भनिन्छ । पाणिनिले आन्तरिक तहमा क्रियाको आर्थी भूमिकाका आधारमा चर्चा गरेका छन् र त्यसलाई निश्चित संरचनात्मक सम्बन्ध (विभक्ति प्रयोग)बाट व्यवस्थित पार्ने काम गरेका छन् । यसैले पाणिनिको कारकीय मान्यता संरचना र अर्थ दुबैमा आधारित देखिन्छ । चम्स्कीले चाहिँ आन्तरिक संरचनाका तहमा प्रत्येक नामिक पदसँग कारक समायोजन अभिलक्षण हुने भए पनि तिनीहरू बाह्य तहमा वाक्यात्मक संरचनामा प्रयुक्त भइसकेपछि मात्र कारकीय भूमिका प्राप्त गर्ने भएकाले नामिक पदको संरचनात्मक सम्बन्धलाई आधार मानेर कारकीय व्यवस्थाको निरूपण गरेका छन् । यसरी पाणिनि र चम्स्कीका कारकीय मान्यतामा समानता हुनुका साथै केही भिन्नता पनि छन् भन्ने स्पष्ट हुन्छ ।

पाणिनि र चम्स्कीका कारकीय मान्यताको सैद्धान्तिक व्याख्या भए पनि यी सिद्धान्तको तुलनात्मक व्याख्या चाहिँ हुन सकेको छैन । अधिकारी (२०४६), बन्धु (२०५३) मा नेपाली कारकको चर्चा गर्ने सन्दर्भमा पाणिनि र फिल्मोरका कारकीय मान्यताका केही पक्षको चर्चा र गौतम (२०५३) मा नेपाली वाक्यका उदाहरण दिई चम्स्कीका कारकीय मान्यताको चर्चा भएको छ भने चौलागाईं (२०७९) मा पाणिनि र चम्स्कीका कारकीय मान्यताको सङ्क्षिप्त चर्चा गरिएको छ । यसरी पूर्वकार्यको अध्ययनबाट के स्पष्ट भएको छ भने पाणिनि र चम्स्कीका कारकीय मान्यताका केही पक्षको अध्ययन भए पनि यी दुईका बिचको तुलनात्मक अध्ययन गरी तिनका बिचको साम्यवैषम्यको निरूपण भएको छैन । यस्तै पाणिनि र चम्स्कीका कारकीय मान्यतामा प्रेर्यप्रेरकभाव सम्बन्ध छ कि छैन भन्ने कुराको पनि निर्क्योल भएको छैन । यस सन्दर्भमा पाणिनि र चम्स्कीका कारकीय मान्यताको तुलना गरी यी दुईका बिचको साम्यवैषम्यको निरूपण गर्नु वाञ्छनीय देखिन्छ । यसैले प्रस्तुत लेख पाणिनि र चम्स्कीका कारकीय मान्यताका समान पक्ष के के हन् र यी दुईथरी मान्यतामा पनि प्रेरक मान्यता कुन हो भन्ने प्राज्ञिक सिज्ञासाको समाधानमा केन्द्रित छ ।

## अध्ययनविधि

पाणिनि र चम्स्कीका कारकीय मान्यताको तुलनात्मक अध्ययनमा केन्द्रित प्रस्तुत लेखमा पुस्तकालय कार्यबाट सामग्री सङ्कलन गरिएको छ । प्रस्तुत अध्ययनमा पाणिनिको अष्टाध्यायी (२०६०) र चम्स्कीका लेक्चर्स अन गभर्नमेन्ट एन्ड बाइन्डिङ (*Lectures on Government and Binding,1981)* र सम कन्सेप्ट एन्ड कन्सिक्वेन्सेज अफ द थेओरि अफ गभर्नमेन्ट एन्ड बाइन्डिङ (*some concept  and consequences of the theory of Government and Binding*,1982) प्राथमिक सामग्री हुन् भने यी दुवै भाषाविद्का कारक सिद्धान्तको व्याख्यासँग सम्बद्ध सामग्रीहरू द्वितीयक सामग्री हुन् । कारक सिद्धान्तका आधारभूत मान्यतालाई स्पष्ट पार्न नेपाली, संस्कृत र अङ्ग्रेजी भाषाका उदाहरणहरू लिइएको छ । गुणात्मक प्रकृतिको प्रस्तुत लेख पाणिनि र चम्स्कीका कारकीय मान्यतामा रहेका समानता र भिन्नताको निरूपणमा केन्द्रित

भएकाले यसमा सैद्धान्तिक अवधारणाको विवेचनाका लागि व्याख्यात्मक विधिको र ती दुईका बिचको समानता र भिन्नताको निर्क्योलका लागि तुलनात्मक विधिको उपयोग गरी प्राप्त निष्कर्ष प्रस्तुत गरिएको छ ।

**पाणिनि र उनको कारकसम्बन्धी चिन्तन**

पाणिनि (इ.पू पाँचौ शताब्दी) पूर्वीय व्याकरण परम्पराका प्रसिद्ध वैयाकरण हुन् । उनको व्याकरणात्मक कृति *अष्टाध्यायी* हो । ३९९७ प्रजनक सूत्रहरू रहेको यस ग्रन्थमा ८ (आठ) अध्याय र प्रत्येक अध्यायमा चार पाउ (एकाइ) गरी बत्तिस पाउको संरचना रहेको छ । आठ अध्यायमध्ये पहिलो अध्यायको चौथो पाउ (अष्टाध्यायी, २०६०, सूत्र १।४।२३–५५) मा कारकको चर्चा गरिएको छ । पाणिनिले व्याकरणका प्रत्येक व्यवस्थालाई सूत्रबद्ध रूपमा प्रस्तुत गरेका छन् । कारक व्यवस्थालाई पनि सूत्रकै माध्यमले निरूपण गरेका छन् । यद्यपि *अष्टाध्यायी*मा उनले स्पष्टतः कारकको परिभाषा उल्लेख गरेका छैनन् तर पनि कारक प्रकरणमा रहेका सूत्रका आधारमा भन्दा उनले पनि कारकलाई क्रियाको आधारमा व्याख्या गरेको पाइन्छ । पाणिनिले क्रियासँग अन्वित हुने वा क्रिया पैदा गर्न सक्ने सामर्थ्य जुन पदमा छ त्यो पद कारक हुन्छ भन्ने मान्यता राखेका छन् । पाणिनिका सूत्रको आशयलाई उत्तरवर्ती वैयाकरण भर्तृहरि र भट्टोजी दीक्षितले विस्तारका साथ व्याख्या गरेका छन् । पाणिनिले क्रियासँग अन्वित हुने पदका आधारमा कर्ता, कर्म, करण, सम्प्रदान, अपादान र अधिकरण गरी छओटा कारकको उल्लेख गरेका छन् ।

**१. कर्ता**

पाणिनिले कर्ता कारकलाई हरेक वाक्यात्मक संरचनामा अनिवार्य रूपमा प्रयोग हुने कारकका रूपमा प्रस्तुत गरेका छन् । क्रियाका आधारमा कर्ता कारकलाई परिभाषित गर्दा कार्यसम्पादनको भूमिका निर्वाह गर्ने पदार्थ कर्ता कारक हुन् भन्नुपर्ने हुन्छ तर क्रियाको आर्थी भूमिकाका आधारमा मात्र चर्चा गर्दा कर्ता कारकको समग्र रूपमा व्याख्या हुन नसक्ने स्थिति देखिएकाले पाणिनिले कारकको परिभाषा चाहिँ क्रियाको आर्थी भूमिकाका आधारमा गरेका छैनन् । कर्ता कारकको समग्र अभिलक्षणलाई समेट्ने गरी कर्ता कारकको परिभाषा निम्नानुसार गरेका छन् :

क्रियामा स्वतन्त्र रूपमा रहने शब्द कर्ता कारक हो (*अष्टाध्यायी*, २०६०, सूत्र १। ४। ५४।) । पाणिनिका अनुसार कर्ता कारकमा प्रथमा विभक्तिको प्रयोग हुन्छ । 'सु, औ जस्' प्रथमा विभक्तिका सङ्केतक हुन् । यीमध्ये 'सु' र 'जस्' मा आएको 'स्' ध्वनि शब्दसित संयोजित हुँदा कतिपय ठाउँमा : (विसर्ग) र कतिपय ठाउँमा 'अम्' ध्वनिमा परिवर्तित हुन्छ भने कतिपय स्थितिमा लोप भई शून्य रूपको स्थितिमा रहन्छ, जस्तै

(क) बालकः कथां लिखति । (बालक कथा लेख्छ ।)

(ख) अश्वः धावति । (घोडा दौडन्छ ।)

(ग) नदी वहति । (नदी बग्दछ ।)

(घ) पत्रं पतति (पात खस्दछ ।)

यी उदाहरणमा बालक, घोडा, नदी र पात चेतन र अचेतन सबै पदार्थले कर्ता कारकको भूमिका प्राप्त गरेका छन् । यहाँ 'बालकः', 'अश्व', 'नदी' र 'पत्रम्' मा कर्ता कारकको सङ्केतनका लागि प्रथमा विभक्तिको एक वचनबोधक 'सु' को संयोजन भएको छ । उक्त 'सु', 'बालकः' र 'अश्व' मा विसर्ग ध्वनिमा परिवर्तित भएको छ भने ' पत्रम्' मा 'अम्' ध्वनिमा परिवर्तित भएको छ र 'नदी' मा चाहिँ लोप भई शून्य रूपका तहमा रहेको छ ।

यहाँ पाणिनिले प्रयोग गरेको 'स्वतन्त्र रूपमा रहने' अंशलाई उत्तरवर्ती वैयाकरण भर्तृहरिले अझ सूक्ष्मताका साथ व्याख्या गरेका छन् । उनले पाणिनिको स्वतन्त्र कर्ताको अर्थ यस प्रकार गरेका छन्– वाक्यमा क्रियासिद्धिका लागि अरूभन्दा पहिल्यै कारकीय शक्तिग्रहण गर्नु, स्वतन्त्रतापूर्वक व्यापारमा प्रवृत्त हुनु, अन्य कारक आउने परिस्थितिको निर्धारण गर्नु आदिलाई कर्तामा निहित स्वातन्त्र्य गुण मानेका छन् (*वाक्यपदीय*, सन् १९६५, श्लोक ३।१०१–२) । यस मान्यताबाट माथिका चेतन र अचेतन सबै पदार्थले कर्ता कारकको भूमिका प्राप्त गर्ने स्थिति सम्भव छ । यसैले सबै खालका वाक्यमा कर्ता कारक आउँदछ र कर्ताभित्र आर्थी अभिलक्षणको क्षेत्र निकै फराकिलो भएको देखिन्छ । यसर्थ पाणिनिले कारकीय व्यवस्थालाई व्यवस्थित बनाउनका लागि संरचनात्मक सम्बन्धलाई आधार मानी चेतन र अचेतन अर्थबोधक सबै शब्दलाई कर्ता कारकभित्र समावेश गरेको देखिन्छ ।

## २. कर्म

कर्ताको क्रियाद्वारा प्रभावित हुने कारक कर्म कारक हो (*अष्टाध्यायी*, २०६०, सूत्र १। ४। ४९।) । कर्म कारकमा द्वितीया विभक्ति 'अम्', 'औट्' र 'शस्' को प्रयोग हुन्छ । कर्म कारकलाई व्यवस्थित बनाउनका लागि पाणिनिले धातुको अर्थलाई नै मुख्य आधार बनाएका छन् । उनले धातुको अर्थ (क्रियार्थ) लाई दुई किसिमले चर्चा गरेका छन्– व्यापार र फल । क्रियाको कार्य सम्पन्न गर्नेवाला (व्यापाराश्रय) कर्ता हुन्छ भने कर्ताको कार्यको फल प्राप्त गर्नेवाला (फलाश्रय) कर्म हुन्छ, जस्तै :

(क) कविः कवितां लिखति । (कवि कविता लेख्दछ) ।

(ख) छात्रः पाठं पठति । (छात्र पाठ पढ्दछ) ।

यी उदाहरणमा लेख्ने कार्य सम्पन्न गर्नेवाला (व्यापाराश्रय) कवि हो । यसैले कवि कर्ता हो भने कर्ताको लेखन कार्यको फल प्राप्त गर्नेवाला (फलाश्रय) कविता हो । यसैले कविता कर्म हो । यसमा कर्मको सङ्केतनका लागि द्वितीया विभक्तिको एक वचनबोधक 'अम्' को संयोजन भएको छ । यस्तै दोस्रो वाक्यमा पढ्ने कार्य सम्पन्न गर्ने 'छात्र' कर्ता हो भने छात्रको पठन कार्यको फल प्राप्त गर्नेवाला (फलाश्रय) 'पाठ' हो । यसैले 'पाठ' कर्म हो । यसमा पनि कर्मको सङ्केतनका लागि द्वितीया विभक्तिको एक वचनबोधक 'अम्' को संयोजन भएको छ तर अकर्मक क्रियामा फल र व्यापारको आश्रय कर्ता नै हुन्छ । यसैले अकर्मक क्रियामा कर्म हुँदैन, जस्तैः

(क) रामः हसति । (राम हाँस्छ) ।

यस उदाहरणमा 'हाँस्नु' क्रिया र हाँस्नु क्रियाको आनन्द आदि फल कर्तामा नै रहेको छ । यसैले यसमा कर्म छैन ।

कर्ताको क्रियाबाट प्रभावित हुने स्थितिलाई उत्तरवर्ती वैयाकरण भर्तृहरिले अझ सूक्ष्म रूपमा व्याख्या गरेका छन् । उनले कर्ताको कार्यबाट प्रभावित हुने स्थितिका आधारमा नै ईप्सिततम कर्म, अनीप्सित कर्म, संज्ञान्तरप्राप्त र अन्यपूर्वक गरी कर्मका चार भेद देखाएका छन् । कर्ताको क्रियाद्वारा प्रभावित हुने कर्मलाई ईप्सिततम कर्ममा रूपमा लिएका छन् । माथिका 'कविः कवितां लिखति' र ' छात्रः पाठं पठति' मा कर्ताको क्रियाद्वारा प्रभावित हुने भएकाले यी उदाहरणमा आएका 'कविता' र 'पाठ' ईप्सिततम कर्मअन्तर्गत पर्दछन् । यस्तै भर्तृहरिले कर्ताको मुख्य क्रियाबाट प्रभावित नभई गौण क्रियाबाट प्रभावित बन्ने क्रियालाई अनीप्सततम कर्म भनेका छन्, जस्तैः

(क) श्यामो ओदनं पचन् गीतं गायति । (श्याम भात पकाउँदै गीत गाउँछ) ।

यहाँ कर्ताको मुख्य क्रिया पकाउनु हो । यसका साथै गौण क्रिया गान हो । यसर्थ यसको फलाश्रय बनेको गीतरूप कर्म अनीप्सितकर्म ।

साथै अन्य कारकद्वारा अपेक्षा नगरिँदा बन्ने कर्मलाई संज्ञान्तरप्राप्त कारकका रूपमा लिएका छन् । यसलाई अकथित कर्म वा गौण कर्म भनेर पनि व्यवहार गर्ने गरिन्छ । यो कारक चाहिँ संस्कृतमा मात्र प्रयोग हुने विशेष कारक हो, जस्तै :

(क) वामनः बलिं बसुधां याचते । (वामनले राजा बलिसँग पृथिवी माग्दछन्) ।

(ख) देवदत्तः गां पयः दोग्धि । (देवदत्त गाईबाट दुध दुहुन्छ) ।

यहाँ 'बलिं' र 'गां' अर्थका दृष्टिले अपादान कारकमा प्रयुक्त हुने शब्द हुन् । यसर्थ पाणिनिका अनुसार अपादान कारकको विवक्षा नहुँदा 'बलिं' र 'गां' अकथित कर्मका रूपमा रहेका छन् ।

धातुसँग उपसर्ग जोडिएका आधारमा कर्म बन्न सक्ने कर्म अन्यपूर्वक कर्म हो ।

(क) रामम् अभिक्रुध्यति । (रामसित रिसाउँछ) ।

(ख) कृष्णम् अभिक्रुध्यति । (कृष्णसित रिसाउँछ) ।

उपर्युक्त उदाहरणमा कर्ताको क्रियाबाट पूर्णतः प्रभावित हुने स्थिति छैन । यसैले अभि उपसर्गका कारण 'राम' र 'कृष्ण' शब्द कर्म बनेका छन् । उपसर्गरहित क्रुध्धातुको क्रियापदको प्रयोगमा चाहिँ (रामाय क्रुध्यति, कृष्णाय क्रुध्यति) सम्प्रदान कारकमा प्रयुक्त हुन्छन् ।

### ३. करण

क्रियाको सिद्धिमा अत्यन्त उपकारक कारकलाई करण संज्ञा हुन्छ (*अष्टाध्यायी*, २०६०, सूत्र १। ४। ४२।) अनुक्त कर्ता र करणमा तृतीया विभक्ति 'टा, भ्याम्, भिस् को प्रयोग हुन्छ । शब्दमा संयोजित भइसकेपछि 'टा' ध्वनि 'एन/आ/ना' ध्वनिमा परिवर्तित हुन्छ भने 'भिस्' मा रहेको 'स्'ध्वनि : मा परिवर्तित हुन्छ ।

(क) रामः बाणेन बालिनं हतवान् । (रामले बाणले बालीलाई मारे) ।

(ख) श्यामः लेखन्या पत्रं लिखति । (श्याम कलमले पत्र लेख्दछ) ।

यी उदाहरणमा पहिलो वाक्यमा क्रिया हन् (मार्नु) को सिद्धिमा अत्यन्त उपकारकका रूपमा रहेको कारक बाण हो । यसैले यो करण कारक हो । यसमा करण कारकको सङ्केतनका लागि तृतीया विभक्ति 'टा को संयोजन भएको छ र उक्त 'टा 'एन मा परिवर्तित भएको छ ।

### ४. सम्प्रदान

केही प्राप्त गर्ने व्यक्ति वा संस्थालाई बुझाउने कारक सम्प्रदान कारक हो *(अष्टाध्यायी*, २०६०, सूत्र १। ४। ३२।) । सम्प्रदानमा चतुर्थी विभक्तिको प्रयोग हुन्छ (*अष्टाध्यायी*, २०६०, सूत्र २। ३। १३।) । पाणिनिले चर्चा गरेको सम्प्रदान कारकलाई भर्तृहरिले अनिराकर्ता, प्रेरयिता र अनुमन्ता गरी तीन प्रकारका मानेका छन् । दान क्रिया सम्पादनमा प्रेरणा र अनुमति नदिई उदासीन रहनेलाई अनिराकर्ता, दान क्रिया सम्पादनमा प्रेरणा दिने सम्प्रदान प्रेरयिता र दानग्रहीताले दानदातालाई दान दिन प्रेरित गर्दैन केवल दान दिन खोज्दा स्वीकृति प्रदान गर्दछ भने त्यो अनुमन्ता सम्प्रदान हुन्छ । सम्प्रदान कारकको सङ्केतनका लागि चतुर्थी विभक्ति 'ङे, भ्याम्, भ्यस् को संयोजन हुन्छ । शब्दमा संयोजित भइसकेपछि 'ङे' ध्वनि ''य/ए/ऐ'आदि ध्वनिमा परिवर्तित हुन्छ भने 'भ्यस्'मा रहेको 'स्'ध्वनि : मा परिवर्तित हुन्छ ।

(क) भक्तः सूर्याय अर्घं ददाति । (भक्त सूर्यलाई अर्घ्य दिन्छ) ।

(ख) यजमानो विप्राय गां ददाति। (यजमानले ब्राह्मणलाई गाई दिन्छ)।

(ग) शिष्यो गुरवे गुरूदक्षिणां ददाति। (शिष्य गुरुलाई गुरुदक्षिणा दिन्छ)।

पहिलो वाक्यमा सूर्यले भक्तलाई अर्घ्य दिन प्रेरणा पनि गर्दैनन्, अनुमति प्रदान पनि गर्दैनन् र दानक्रिया सम्पादनमा उदासीन देखिन्छन्। यस्ता प्रकारका संप्रदानलाई अनिराकर्ता सम्प्रदान भनिन्छ। दोस्रो वाक्यमा ब्राह्मणले यजमानबाट प्रेरणापूर्वक गाईदान लिन्छ भन्ने भाव व्यक्त गर्न खोजिएको हुँदा ब्राह्मण प्रेरयिता सम्प्रदान बनेको छ। तेस्रो वाक्यमा शिष्यले गुरुदक्षिणा दिँदा गुरुले स्वीकार गरेका छन्। यी उदाहरणमा सम्प्रदान कारकको सङ्केतनका लागि चतुर्थी विभक्ति 'ङे' को संयोजन भएको छ र उक्त 'ङे' विप्राय र सूर्य शब्दमा 'य' मा र गुरु शब्दमा 'ए' मा परिवर्तित भएको छ।

## ५. अपादान

केहीबाट छुट्टिने विन्दु वा ठाउँलाई बुझाउने कारक अपादान हो। विभागको सीमा बनेको पदार्थ विभाग हुँदा जुन पदार्थ निष्क्रिय वा उदासीन रहन्छ त्यो ध्रुव वा अवधि भनिन्छ (*अष्टाध्यायी* सूत्र, २०६०, १। ४। २४।)। अपादानमा पञ्चमी विभक्तिको प्रयोग हुन्छ। अपादाने पञ्चमी (*अष्टाध्यायी*, २०६०, सूत्र २। ३। २८) अपादान कारकको सङ्केतनका लागि पञ्चमी विभक्ति 'ङसि, भ्याम्, भ्यस् को संयोजन हुन्छ। शब्दमा संयोजित भइसकेपछि 'ङसि' ध्वनि 'आत्/याः/' आदि ध्वनिमा परिवर्तित हुन्छ भने ''भ्यस्' मा रहेको 'स्' ध्वनि : मा परिवर्तित हुन्छ।

(क) वृक्षात् पत्रं पतति। (रुखबाट पात खस्छ)।

(ख) श्यामः ग्रामात् नगरम् आयाति। (श्याम गाउँबाट सहरमा आउँछ)।

यहाँ पहिलो वाक्यमा रुखबाट पात खसेकाले छुट्टिने विन्दु वा ठाउँलाई बुझाउने वृक्ष शब्द अपादान कारक हो। यस्तै दोस्रो वाक्यमा श्यामको गाउँबाट छुट्टिने काम भएको छ। यसैले ग्राम अपादान कारक हो। अपादान कारकको सङ्केतनका लागि पञ्चमी विभक्ति ङसि, को संयोजन भएको छ। शब्दमा संयोजित भइसकेपछि 'ङसि' ध्वनि 'आत् ध्वनिमा परिवर्तित भएको छ।

## ६. अधिकरण

क्रियाको आधार बुझाउने अधिकरण कारक हो (*अष्टाध्यायी,* २०६०, सूत्र २। ३। २८) आधार अर्थ बुझाउने शब्दमा सप्तमी विभक्तिको प्रयोग हुन्छ। अपादान कारकको सङ्केतनका लागि सप्तमी विभक्ति ''ङि, ओस्, सुप्' को संयोजन हुन्छ। शब्दमा संयोजित भइसकेपछि 'ङि' ध्वनि 'ए/आम्' आदि ध्वनिमा परिवर्तित हुन्छ भने 'भ्यस् मा रहेको 'स् ध्वनि कतिपय स्थिति (इ, उ, ऋ वर्णभन्दा पछि) मा 'ष् ध्वनिमा परिवर्तित हुन्छ।

(क) छात्रः कटे आस्ते। (छात्र सुकुलमा छ)

(ख) श्यामः स्थाल्यां पचति। (श्याम कसौँडीमा पकाउँछ)

(ग) सिँहः वने तिष्ठति। (सिंह वनमा रहन्छ)।

यहाँ कट, स्थाली र वन आधारका रूपमा रहेका छन्। यसैले यिनीहरू अधिकरण कारक हुन्। अधिकरण कारकको सङ्केतनका लागि यिनीहरूमा सप्तमी विभक्ति ''ङि को संयोजन भएको छ। उक्त 'ङि' ध्वनि वन र कट शब्दमा 'ए' मा र स्थाली शब्दमा 'आम्' आदि ध्वनिमा परिवर्तित भएको छ।

यसरी पाणिनिले कारकको निर्धारण आर्थी भूमिका र प्रकार्यपरक सम्बन्धका आधारमा गरेका छन् । आर्थी भूमिका र प्रकार्यपरक सम्बन्धलाई विभक्तिबाट निश्चित संरचनात्मक रूप दिई कारक व्यवस्थालाई व्यवस्थित गरेका छन् । पाणिनिले षष्ठी विभक्तिलाई शेषका रूपमा लिएका छन् अर्थात् षष्ठी विभक्ति जोडिएका पदहरू कारक नहुने बताएका छन् । विशेषणको कार्य गर्ने भएकाले षष्ठी विभक्त्यन्त नामिक पदलाई कारक नमान्नु उपयुक्त पनि छ ।

## चम्स्की र उनको कारकसम्बन्धी मान्यता

अभ्राम नोम चम्स्की (Avram Noam Chomsky, 1928) को जन्म अमेरिकाको फिलाडेल्फियाको यहुदी परिवारमा भएको हो । उनले माध्यमिक शिक्षा अमेरिकाकै सेन्ट्रल हाइस्कुलबाट पूरा गरे । स्नातक तहमा भाषाविज्ञान, गणित र दर्शन शास्त्रको अध्ययन गरेका उनले एम. ए को शोधपत्र आधुनिक हिब्रूको रूपध्वनि सिद्धान्त (Morphonemics of Modern Hebrew) शीर्षकमा पूरा गरे । उनले सन् १९५५ मा रूपान्तरण विश्लेषण (Transformational Analysis) शीर्षकमा विद्यावारिधि उपाधि लिए ।

चम्स्कीले आफ्नो विद्यावारिधीय शोधप्रबन्धलाई केही परिमार्जन र सङ्क्षेपीकरण गरी सन् १९५७ मा वाक्यात्मक संरचना (Syntactic Structures) नामको पुस्तक प्रकाशित गरे । यस पुस्तकबाट प्रारम्भ भएको उनको सिद्धान्तलाई क्लासिकल सिद्धान्त भनिन्छ । यस सिद्धान्तमा उनले कारकको चर्चा भने गरेका छैनन् । यसमा रहेका कमीकमजोरी हटाउने क्रममा उनले वाक्यविज्ञानका सैद्धान्तिक पक्ष (Aspects of the Theory of Syntax) नामक कृतिका माध्यमबाट मानक सिद्धान्त प्रस्तुत गरे । यस कृतिको भूमिकामा उत्पादक व्याकरणको बीजरूप पाणिनिमा रहेको बताएका छन् (चम्स्की, सन् १९६५: भूमिका खण्ड) मानक सिद्धान्त (१९६५) । पाणिनिबाट प्रभावित भएको बताए पनि यस सिद्धान्तमा समेत उनले कारकको चर्चा भने गरेनन् । उनले व्याकरणसम्बन्धी मान्यतालाई उत्तरोत्तर संशोधन गर्दै जाने क्रममा क्रमशः विस्तारित मानक सिद्धान्त (१९७०) संशोधित विस्तारित मानक सिद्धान्त (१९७५) अधिशासन तथा आबद्धताको सिद्धान्त (१९८०) र लघुतमवादी प्रक्रिया (१९९५) प्रस्तुत गरेका छन् । यी सिद्धान्तमध्ये उनले अधिशासन तथा आबद्धता सिद्धान्तअन्तर्गत कारक सिद्धान्त प्रस्तुत गरेका छन् । यस सिद्धान्तमा उनले कारकको व्याख्याका लागि कारक अभिलक्षण (Case-feature), कारक परीक्षण उपकरण (Case- checking devices) कारक परिष्करण (Case-filter) गरी तीनओटा आधार प्रस्तुत गरेका छन् :

### (क) कारक अभिलक्षण

शब्दसमूहनमा नामिक पदका लागि समायोजित हुने अन्तर्निहित अभिलक्षण नै कारक अभिलक्षण हुन् (चम्स्की, सन् १९८१, पृ. १७०, १९८२, पृ. ७ ) । यस्ता अभिलक्षणबाट वाक्यात्मक संरचनामा आउने नापका लागि कारक समायोजनको प्रारम्भिक आधार पूरा हुन्छ ।

### (ख) कारक परीक्षण

बाह्य संरचनाका वाक्यमा प्रयुक्त पदले कुन कुन कारकीय भूमिका प्राप्त गर्दछन् भन्ने तथ्यको निरूपणका लागि उनले कारक परीक्षणका निम्नलिखित आधार प्रस्तुत गरेका छन् :

(क) नाप → [कर्ता] यदि सक्रिद्वारा अधिशासित भएमा ।

(ख) नाप → [कर्म] यदि क्रियाद्वारा अधिशासित भएमा।

(ग) नाप → [तिर्यक्] यदि परसर्ग र विशिष्ट क्रियाद्वारा अधिशासित भएमा।

(घ) नाप → [सम्बन्धक] यदि [नाप – $\bar{s}$] स्थिति भएमा।

(चम्स्की, सन्. १९८१, पृ. १७०)

उदाहरण (क–घ) बाट के स्पष्ट हुन्छ भने सक्रिद्वारा अधिशासित नापमा कर्ता कारक समायोजित हुन्छ। क्रियाद्वारा अधिशासित नापमा कर्म र पूर्वसर्गद्वारा नापमा तिर्यक् कारक समायोजन हुन्छ। [नाप – $\bar{s}$] का सन्दर्भमा आएको नाममा सम्बन्ध कारक समायोजन हुन्छ। यसैले कारक समायोजनका लागि मूल आधारका रूपमा अधिशासन सम्बन्ध रहेको छ। चम्स्कीका अनुसार नाम, क्रिया र पूर्वसर्ग (preposition) ले आफ्नो विशेषकका रूपमा आएका नामलाई र सहायक क्रियाले उद्देश्य स्थलमा आएको नामलाई अधिशासन गर्दछन् (चम्स्की, सन् १९८१, पृ. १६२)। निम्नलिखित उदाहरणबाट चम्स्कीले उल्लेख गरेको अधिशासन सम्बन्धलाई स्पष्ट पार्न सकिन्छ :

(क) John [सक्रि [+काल(भूत)]] [ क्रिप [ क्रि think] [ $\bar{\text{वा}}$ that [ वा he सक्रि [+काल(भूत) ]]

[क्रिप [ क्रि leave] [ नाप his book ] [ पूप [पू on] [ नाप the table ]]]]]

उदाहरण (क) मा मुख्य क्रिया think ले बारयुक्त वा लाई अधिशासन गरेको छ र त्यसलाई कर्म कारक पनि समायोजन पनि गरेको छ। यहाँ आएको बारयुक्त वा कर्मस्थानिक वाक्य हो। बारयुक्त वा भनेको आश्रयक (that) सहितको वाक्य हो। यस्तै सन्निविष्ट क्रिया leave ले पदावलीभित्रका कुनै एक एकाइलाई नभई समग्र पदावली his boook लाई अधिशासन गरेको छ र कर्म कारक समायोजन गरेको छ। सक्रिले] John लाई अधिशासन गर्नुका साथै कर्ताकारक पनि समायोजन गरेको छ। पूर्वसर्ग on ले the table लाई अधिशासन गर्नुका साथै तिर्यक् कारक पनि समायोजन गरेको छ। [नाप – $\bar{s}$] सन्दर्भमा आएको नाप he मा सम्बन्ध कारक समायोजन भएको छ।

**(ग) कारक परिष्करण**

सबै नामिक पद कारक सङ्केतित हुन्छन् कि हुँदैनन् भन्ने परीक्षण कारक परिष्करणले गर्दछ। कारक परिष्करण अमूर्त कारक समायोजनको आधारभूत सिद्धान्त हो। यसलाई निम्नलिखित अनुसार सूत्रबद्ध गरेका छन् :

आरेख १ कारक परिष्करण व्यवस्था

* [ नाप
कोशीय (ध्वनितात्त्विक अभिलक्षणयुक्त)
-कारक ]

(चम्स्की, सन् १९८१, पृ. १७४)

यस आरेखअनुसार कुनै नाप कोशीय र ध्वनितात्त्विक अभिलक्षणयुक्त र कारकरहित छ भने त्यो संरचना अव्याकरणिक बन्दछ । अतः प्रत्येक कोशीय नाप ध्वनितात्त्विक अभिलक्षणयुक्त छ भने कारकीय भूमिकाका साथ रहन्छ । बायाँतिरको तारा चिह्नले सङ्केत गरेको कुरा यही हो । यी तथ्यका आधारमा वाक्यात्मक संरचनामा प्रयुक्त हुने नाम र सर्वनामका कारक समायोजन हुन्छ भन्ने तथ्य सिद्ध हुन्छ । नापमा कारक समायोजन गर्ने घटक भने फरक फरक छन् । सक्रि, क्रिया, पूर्वसर्ग र नाम कारक समायोजक कोटि हुन् (चम्स्की, सन् १९८१, पृ. १७०) । चम्स्कीले उल्लेख गरेअनुसार कर्ता, कर्म, तिर्यक् र सम्बन्ध कारक समायोजन हुने प्रक्रिया निम्नानुसार रहेको छ :


### १. कर्ता कारक

चम्स्कीका अनुसार +सक्रिले उद्देश्यअन्तर्गत आउने नापलाई कर्ता कारकको समायोजन गर्दछ तर – सक्रिले भने कर्ता कारक समायोजन गर्न सक्दैन । +काल +सङ्गति विशेषता भएको सहायक क्रिया + सक्रि हो भने – काल – सङ्गति विशेषता भएको सहायक क्रिया – सक्रि हो (चम्स्की, सन् १९८१, पृ. ४९) । कारक समायोजन अधिशासित कोटिलाई हुने भएकाले र – सक्रिले उद्देश्यअन्तर्गतको नापलाई अधिशासन गर्न नसक्ने भएकाले कारक समायोजन नगरेको हो, जस्तैः

(क) [वा$_१$ [we] [ + सक्रि –अभूत] [क्रिप want [वा$_२$ अस to read a Story]]

यस उदाहरणको वा$_१$मा +सक्रि भएकाले त्यसले उद्देश्य स्थलमा आएको we लाई अधिशासित गर्नुका साथै कर्ता कारक समायोजन गरेको छ । तर वा$_२$को क्रिया असमापिका भएकाले सक्रिको विशेषता –सक्रि रहेको छ । यसैले उद्देश्यका ठाउँमा आएको अस (अदृश्य सर्वनाम) अधिशासित छैन । अधिशासित नभएकाले नै यसले कारकीय सम्बन्ध पनि –सक्रिबाट पाउन सकेको छैन । कर्ता कारक समायोजन प्रक्रियालाई निम्नलिखित वृक्षारेखबाट स्पष्ट पार्न सकिन्छ :


**आरेख २ सक्रिद्वारा कर्ता कारक समायोजन**




चम्स्की (सन् १९८१, पृ. १७०) का अनुसार यस आरेखमा सक्रिले आफूद्वारा अधिशासित we लाई कर्ता कारक समायोजन गरेको छ । नेपालीमा चम्स्कीले उल्लेख गरेअनुसार +सक्रिले उद्देश्य स्थलमा आउने नापलाई अधिशासित गर्दैन । यसैले गौतम (२०५३, पृ. २७५–८०) ले उल्लेख गरेअनुसार +सक्रिले उद्देश्य स्थलमा आउने नापलाई सङ्गतिसम्बन्धका

आधारमा कारक समायोजन गर्दछ। यसर्थ नेपालीमा सङ्गति सम्बन्धका आधारमा उद्देश्य स्थलमा आएका नापमा कर्ता कारक समायोजन हुन्छ । यस तथ्यलाई निम्नलिखित वृक्षारेखबाट स्पष्ट पार्न सकिन्छ :

**आरेख ३ नेपालीमा सक्रिद्वारा कर्ता कारक समायोजन**





आरेख ३ मा सक्रिले सङ्गतिसम्बन्धका कारण उद्देश्य स्थलमा आएको नापलाई कर्ता कारक समायोजन गरेको छ। यसर्थ नेपालीमा सक्रिले सङ्गतिसम्बन्धका आधारमा उद्देश्य स्थलमा आउने कर्ता कारक समायोजन गर्दछ भन्ने स्पष्ट हुन्छ। नेपालीमा उद्देश्य स्थलमा आउने नापका सन्दर्भमा चम्स्कीको कारक सिद्धान्त लागु नहुने देखिन्छ।

### २. कर्म कारक

क्रिया पदावलीअन्तर्गत आउने नापलाई क्रियाले अधिशासन गर्ने भएकाले कर्म कारक समायोजन गर्दछ, जस्तै :


**आरेख ४ क्रिद्वारा कर्म कारक समायोजन**




चम्स्की (सन् १९८१, पृ. १७०) का अनुसार यहाँ क्रिले आफूद्वारा अधिशासित a story लाई अधिशासन गरेकाले कर्म कारक समायोजन गरेको छ। नेपालीमा पनि यही प्रक्रियाअनुसार क्रियाले कर्म कारक समायोजन गर्दछ। अङ्ग्रेजी शीर्षादि

र नेपाली शीर्षान्त भाषा भएकाले नेपाली र अङ्ग्रेजीमा कर्म कारक समायोजन गर्ने प्रक्रियामा संरचनाका तहमा कारक समायोजक र कारक समायोजित घटकको स्थान फरक फरक छ, जस्तै :

आरेख ५ नेपालीमा क्रिद्वारा कर्म कारक समायोजन





यहाँ क्रिया ''गाउ' ले नाप ''गीत' लाई अधिशासन गरेकाले कर्म कारक समायोजन गरेको छ। नेपाली शीर्षान्त भाषा भएकाले यहाँ पनि शीर्ष अन्त्यमा आएको छ। यसर्थ नेपालीमा पनि प्रत्येक क्रियाले आफ्नो विशेषकका रूपमा आउने नापलाई कर्म कारक समायोजन गर्दछन् भन्ने स्पष्ट हुन्छ।

**३. सम्बन्ध कारक**


नापअन्तर्गतको शीर्ष नामले त्यसको विशेषकका रूपमा आउने नामलाई सम्बन्ध कारक समायोजन गर्छ, जस्तै :

आरेख ६ नामद्वारा सम्बन्ध कारक समायोजन



चम्स्की (सन् १९८१, पृ. १७०) का अनुसार यहाँ नाले आफूद्वारा अधिशासित my लाई अधिशासित गरेकाले सम्बन्ध कारक समायोजन गरेको छ। चम्स्कीको यस मान्यताअनुसार नेपालीमा सम्बन्ध कारक समायोजन यसप्रकार हुन्छ, जस्तै :

आरेख ७ नेपालीमा नामद्वारा सम्बन्ध कारक समायोजन





यस आरेखमा शीर्ष नाम भाइले विशेषकका रूपमा आएको मेरो सर्वनामलाई सम्बन्ध कारक समायोजन गरेको छ। पाणिनिका अनुसार सम्बन्धबोधक पद क्रियासित प्रत्यक्ष रूपमा सम्बन्धित नहुने भएकाले सम्बन्ध कारक होइन, सम्बन्धबोधक पद विशेषण हुन्छ। नेपालीमा पनि पाणिनिकै मतअनुसार कारकको चर्चा गरिएको छ। यसर्थ चम्स्कीका अनुसार उपर्युक्त वृक्षारेखमा आएको मेरो पद सम्बन्ध कारक भए पनि पाणिनिका अनुसार भने यो कारक नभई सम्बन्धबोधक विशेषण हो।

**४. तिर्यक् कारक**


पूर्वसर्ग÷परसर्ग पदावलीअन्तर्गत आएको नामलाई उक्त पूर्वसर्ग÷परसर्गले तिर्यक् कारक समायोजन गर्दछ। यसैले पूर्वसर्ग÷परसर्गबाट अधिशासित हुने भएकाले तिनीहरूमा तिर्यक् कारकको समायोजन हुन्छ :

आरेख ८ पूर्वसर्गद्वारा तिर्यक् कारक समायोजन



चम्स्की (सन् १९८१, पृ. १७०) का अनुसार यहाँ पूर्वसर्ग with ले the boy लाई अधिशासन गरेकाले सम्बन्ध कारक समायोजन गरेको छ । अङ्ग्रेजी शीर्षादि भाषा भएकाले पूर्वसर्गले कारक समायोजन गर्दछ भने नेपालीमा चाहिँ यो स्थिति छैन । नेपालीमा चम्स्कीको कारक समायोजनसम्बन्धी मान्यतालाई यथावत् रूपमा लिने हो भने तिर्यक् कारक समायोजन प्रक्रिया यसप्रकार हुने देखिन्छ :

**आरेख ९ नेपालीमा परसर्गद्वारा तिर्यक् कारक समायोजन**




यस वृक्षारेखमा परसर्गले नामलाई अधिशासन गरेकाले ‘तिर्यक् कारक समायोजन गरेको छ । यस्ता कारकलाई पाणिनिले सहार्थक करण कारक मानेका छन् । नेपालीमा पनि यसलाई करण कारक नै भन्नुपर्ने हुन्छ । करण कारकले क्रियाविशेषणको प्रकार्य गर्दछन् । नामयोगीसित सँग संयोजित हुँदा ‘केटो चाहिँ तिर्यक् बनेको छ ।

यसरी चम्स्कीले आन्तरिक कारकको उपस्थिति रहे पनि त्यो गौण रूपमा रहने र बाह्य कारक नै मुख्य रूपमा रहने उल्लेख गरेका छन् । उनले संरचनात्मक सम्बन्धका आधारमा कारकको व्याख्या गरेका छन् । यसैले चम्स्कीका अनुसार संरचनात्मक सम्बन्धका आधारमा संसारका जुनसुकै भाषामा पनि कर्ता, कर्म, तिर्यक् र सम्बन्ध गरी चारओटा कारक मात्र हुन्छन् ।

## चम्स्की र पाणिनिका कारकीय मान्यताको तुलना

उपर्युक्त चर्चाअनुसार पाणिनि र चम्स्कीका कारकीय मान्यतामा देखिएका समान र भिन्न पक्षहरू यसप्रकार छन् :

पाणिनि र चम्स्की दुवैले क्रियासित प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धित भएर प्रयोग हुने नामिक पदले पाउने प्रकार्यात्मक भूमिकालाई कारक मानेका छन् । क्रियाका आधारमा आन्तरिक तहमा कारकको निर्धारण हुन्छ भन्ने कुरो पाणिनि र चम्स्की दुवैले स्विकारेको देखिन्छ तर बाह्य संरचनामा कारकको उपस्थिति कसरी हुन्छ भन्ने विषयमा चाहिँ यी दुईबिच केही फरक मत देखिन्छ । पाणिनिले नामिक पदमा कारकीय भूमिका समायोजनका लागि प्रथमतः क्रियाको अर्थ पक्षलाई आधार बनाएका छन् तर अर्थ पक्षका आधारमा मात्र समग्र कारकको व्याख्या हुन नसक्ने देखेपछि कारकीय भूमिकालाई संरचनात्मक सम्बन्धका आधारमा व्यवस्थित पारेका छन् । यसैले कतिपय स्थितिमा क्रियाको अर्थ र कारकबिच समन्वय भएको छैन । कर्ता कारकअन्तर्गत आएको उदाहरण 'पत्रम् अपपत्' (पात खस्यो) वाक्यमा आएको 'पात' कर्ता कारकमा रहनुले यसको

पुष्टि हुन्छ । कर्ताको अर्थ आफैँ कार्य गर्नेवाला व्यक्ति भन्ने हो तर यहाँ पात आफै ँ कार्य गर्न असमर्थ भएकाले कर्तृत्व अर्थका आधारमा यसमा कर्ता कारक समायोजन हुन सक्दैन । यसैले पाणिनिले कारकलाई व्यवस्थित पार्न संरचना (विभक्ति)लाई आधार बनाएका हुन् । अर्थलाई समेट्दै संरचनालाई मुख्य आधार बनाएर उनले कर्ता, कर्म, करण, सम्प्रदान, अपादान र अधिकरण गरी छओटा कारक स्वीकार गरेका छन् । उनले क्रियासँग प्रत्यक्ष रूपमा सम्बन्धित नहुने भएकाले षष्ठी विभक्ति लागेका नामिक पदमा कारक समायोजन नहुने र यस्ता पदहरू सम्बन्धबोधक विशेषणका रूपमा रहने निष्कर्ष प्रस्तुत गरेका छन् । पाणिनिकै यही मान्यताकै आधारमा नेपालीमा व्याकरणमा कारकको चर्चा गर्ने गरिएको छ ।

चम्स्कीले चाहिँ आन्तरिक संरचनाका तहमा नामिक पदमा कारक समायोजन अभिलक्षण रहने र बाह्य संरचनामा प्रयुक्त भएपछि मात्र तिनले अधिशासन सम्बन्ध (संरचनात्मक सम्बन्ध) का आधारमा कारकीय भूमिका प्राप्त गर्ने बताएका छन् । चम्स्कीका अनुसार संरचनात्मक सम्बन्धका आधारमा कर्ता, कर्म, तिर्यक् र सम्बन्ध गरी चारओटा कारक मात्र हुन्छन् । चम्स्कीले पाणिनिले उल्लेख गरेका करण, सम्प्रदान, अपादान र अधिकरणलाई तिर्यक् कारकअन्तर्गत समावेश गरेका छन् र क्रियासँग प्रत्यक्ष रूपमा सम्बन्धित नभएका सम्बन्धबोधक नामिक पदमा पनि कारक समायोजन हुने बताएका छन् । यसरी चम्स्कीले सम्बन्धबोधक पदलाई नामिक पदका रूपमा स्विकारेर त्यसमा कारक समायोजन हुने बताए पनि अन्य कारकको समायोजन प्रक्रिया र तिनले सङ्केत गर्ने व्याकरणिक प्रकार्यसम्बन्धी मान्यता भने पाणिनिसँग समान छ । चम्स्कीले कारक समायोजनसम्बन्धी समग्र प्रक्रियालाई व्यवस्थित पार्नका लागि कारक अभिलक्षण, कारक परीक्षण र कारक परिष्करण गरी तीन आधार तयार पारेका छन् । चम्स्कीले आन्तरिक कारकको उपस्थिति रहे पनि त्यो गौण रूपमा रहने र बाह्य कारक नै मुख्य रूपमा रहने उल्लेख गरेका छन् । चम्स्कीका अनुसार नाम, क्रिया र पूर्वसर्गले आफ्नो विशेषकका रूपमा आएका नामलाई र सहायक क्रियाले उद्देश्य स्थलमा आएको नामलाई अधिशासन गर्दछन् । चम्स्कीका अनुसार +सक्रिले उद्देश्यअन्तर्गत आउने नापलाई कर्ता कारकको समायोजन गर्दछ  तर –सक्रिले भने कर्ता कारक समायोजन गर्न सक्दैन । +काल +सङ्गति विशेषता भएको सहायक क्रिया +सक्रि हो भने –काल –सङ्गति विशेषता भएको सहायक क्रिया –सक्रि हो  । यसरी पाणिनिले विभक्तिका आधारमा कारकलाई व्यवस्थित गरेका छन् भने चम्स्कीले अधिशासन सम्बन्ध र अधिशासक कोटि सहायक क्रिया, क्रिया, पूर्वसर्ग र नामद्वारा व्यवस्थित गरेका छन् । यसर्थ चम्स्कीले सम्बन्धबोधक पदलाई नामिक पदका रूपमा स्विकारेर त्यसमा कारक समायोजन हुने बताए पनि अन्य कारकको समायोजन प्रक्रिया र तिनले सङ्केत गर्ने व्याकरणिक प्रकार्यसम्बन्धी मान्यता भने पाणिनिसँग समान छ । चम्स्कीले कारकसमबन्धी यो मान्यता पाणिनिको व्याकरण पढिसकेपछि प्रस्तुत गरेकाले उनको कारकसम्बन्धी मान्यतामा पाणिनिको प्रभाव परेको देखिन्छ ।

**निष्कर्ष**

पाणिनिका अनुसार क्रियासँग प्रत्यक्ष सम्बन्ध राख्ने नाम र सर्वनामले प्राप्त गर्ने प्रकार्यात्मक भूमिका कारक हो तर चम्स्कीका अनुसार भने क्रियासँग प्रत्यक्ष सम्बन्ध राख्ने नाम र सर्वनामका साथै प्रत्यक्ष रूपमा सम्बन्धित नभएका नाम र सर्वनामले पनि कारकीय भूमिका प्राप्त गर्दछन् । पाणिनिले कारक समायोजनका लागि क्रियाको आर्थी भूमिकालाई आधार बनाए पनि कारक समायोजनको व्यवस्थापक तत्त्वका रूपमा संरचनात्मक सम्बन्ध (विभक्ति प्रयोग) लाई लिएका छन् । यसैले पाणिनिको कारकीय मान्यता संरचना र अर्थ दुबैमा आधारित देखिन्छ । यस आधारमा उनले कर्ता, कर्म, करण, सम्प्रदान, अपादान र अधिकरण गरी छओटा कारक स्विकारेका छन् । पाणिनिका अनुसार क्रियामा स्वतन्त्र रूपमा रहने शब्द कर्ता कारक हो । कर्ताको क्रियाद्वारा प्रभावित हुने कारक कर्म कारक हो । क्रियाको सिद्धिमा अत्यन्त उपकारक कारक करण कारक हो । केही प्राप्त गर्ने व्यक्ति वा संस्थालाई बुझाउने कारक सम्प्रदान कारक हो । केहीबाट छुटिने विन्दु वा ठाउँलाई बुझाउने कारक

अपादान हो। क्रियाको आधार बुझाउने अधिकरण कारक हो। यसरी पाणिनिले कारकको निर्धारण आर्थी भूमिका र प्रकार्यपरक सम्बन्धका आधारमा गरेका छन्। आर्थी भूमिका र प्रकार्यपरक सम्बन्धलाई विभक्तिबाट निश्चित संरचनात्मक रूप दिई कारक समायोजन प्रक्रियालाई व्यवस्थित पारेका छन्। पाणिनिले षष्ठी विभक्तिलाई शेषका रूपमा लिएका छन् अर्थात् षष्ठी विभक्ति जोडिएका पदहरूले विशेषणको कार्य गर्ने भएकाले षष्ठीविभक्त्यन्त पदहरू कारक नहुने बताएका छन्।

चम्स्कीले चाहिँ आन्तरिक संरचनाका तहमा प्रत्येक नामिक पदसँग कारकीय अभिलक्षण रहे पनि त्यो गौण रूपमा रहने र बाह्य कारक नै मुख्य रूपमा रहने उल्लेख गरेका छन्। उनले संरचनात्मक सम्बन्धका आधारमा कारकको व्याख्या गरेका छन्। यसैले चम्स्कीका अनुसार संरचनात्मक सम्बन्धका आधारमा संसारका जुनसुकै भाषामा पनि कर्ता, कर्म, तिर्यक् र सम्बन्ध गरी चारओटा कारक मात्र हुन्छन्। चम्स्कीका अनुसार +सक्रिले उद्देश्यअन्तर्गत आउने नापलाई कर्ता कारकको समायोजन गर्दछ तर –सक्रिले भने कर्ता कारक समायोजन गर्न सक्दैन। +काल +सङ्गति विशेषता भएको सहायक क्रिया +सक्रि हो भने –काल –सङ्गति विशेषता भएको सहायक क्रिया –सक्रि हो। क्रिया पदावलीअन्तर्गत आउने नापलाई क्रियाले अधिशासन गर्ने भएकाले कर्म कारक समायोजन गर्दछ। नापअन्तर्गतको शीर्ष नामले त्यसको विशेषकका रूपमा आउने नामलाई सम्बन्ध कारक समायोजन गर्छ। पूर्वसर्ग÷परसर्ग पदावलीअन्तर्गत आएको नामलाई उक्त पूर्वसर्ग÷परसर्गले तिर्यक् कारक समायोजन गर्दछ। यसरी चम्स्कीले आन्तरिक कारकको उपस्थिति रहे पनि त्यो गौण रूपमा रहने र बाह्य कारक नै मुख्य रूपमा रहने उल्लेख गरेका छन्। चम्स्कीले पाणिनिले उल्लेख गरेका करण, सम्प्रदान, अपादान र अधिकरणलाई तिर्यक् कारकअन्तर्गत समावेश गरेका छन् र क्रियासँग प्रत्यक्ष रूपमा सम्बन्धित नभएका सम्बन्धबोधक नामिक पदमा पनि कारक समायोजन हुने बताएका छन्। यसरी पाणिनिले विभक्तिका आधारमा कारकलाई व्यवस्थित गरेका छन् भने चम्स्कीले अधिशासन सम्बन्धका आधारमा कारकलाई व्यवस्थित गरेका छन्। यसर्थ पाणिनि र चम्स्कीका कारकीय मान्यतामा धेरै अंशमा समानता पाइन्छ। यस आधारमा के भन्न सकिन्छ भने पाणिनिको व्याकरण पढिसकेपछि चम्स्कीले कारक सिद्धान्त प्रस्तुत गरेकाले उनको कारकसम्बन्धी मान्यतामा पाणिनिको प्रभाव परेको देखिन्छ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, हेमाङ्गराज (२०४६). *नेपाली कारकीय व्यवस्थाको अध्ययन*. त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायमा प्रस्तुत पिएच्.डी. शोधप्रबन्ध।

*अष्टाध्यायी सूत्रपाठ* (२०६०). व्याख्या. ईश्वरचन्द्र. चौखम्बा संस्कृत प्रतिष्ठान।

गौतम, देवी प्रसाद (२०५३). *नेपालीमा पदावली व्यवस्था*. त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायमा प्रस्तुत पिएच्.डी. शोधप्रबन्ध।

चौलागाईं, प्रेमप्रसाद (२०७९). *भाषाविज्ञानको परम्परा र प्रवृत्ति*, भुँडीपुराण प्रकाशन।

बन्धु, चूडामणि (२०५३). *भाषाविज्ञानका सम्प्रदाय*. एकता बुक्स।

भट्टोजि दीक्षित (सन्१९९४). (पुनर्मुद्रित संस्करण) *सिद्धान्त कौमुदी*. चौखम्बा संस्कृत प्रतिष्ठान।

*वाक्यपदीय* (सन् १९६५). काशीनाथ शर्मा (सम्पा.). पुण्यपतन विद्यापीठ।

Chomsky, N. (1965). *Aspects of the Theory of Syntax.* The MIT Press.

Chomsky, N. (1981). *Lectures on Government and Binding.* Foris Publication.

Chomsky, N. (1982). *Some Concept and Consequences of the Theory of Government and Binding*. The MIT Press.

Crystal, D. (2003). *A Dictionary of Linguistics and Phonetics*. Blackwell Publishing Ltd.